**बैठक नं. ५६**

आज मिति २०७६/१२/१८ गतेका दिन बुटवल उप-महानगरपालिकाका प्रमुख श्रीमान शिवराज सुवेदीज्यूको अध्यक्षता र देहायका कार्यपालिकाका सदस्यज्यूहरुको उपस्थितिमा निम्न प्रस्तावमा छलफल गरी निर्णय लिनका लागि नगर कार्यपालिकाको बैठक बसियो ।

समय : दिउँसो ११:४५ बजे ।

स्थान : नगर कार्यपालिकाको भवन ।

## उपस्थिति

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | शिवराज सुवेदी | प्रमुख | |
| २ | गुमा देवी आचार्य | उप-प्रमुख | — |
| ३ | महेन्द्र प्रसाद लिगल | सदस्य | |
| ४ | रमेश प्रसाद नेपाल | सदस्य | |
| ५ | लाल प्रसाद वस्याल | सदस्य | — |
| ६ | टंक प्रसाद पराजुली | सदस्य | |
| ७ | तेज बहादुर सुनार | सदस्य | |
| ८ | जगदिश चन्द्र आचार्य | सदस्य | |
| ९ | कमल प्रताप थापा | सदस्य | |
| १० | भिम बहादुर श्रेष्ठ | सदस्य | |
| ११ | बिष्णु बहादुर थापा | सदस्य | |
| १२ | पदम बहादुर थापा | सदस्य | |
| १३ | रामचन्द्र क्षेत्री | सदस्य | |

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १४ | दुर्गा प्रसाद सुवेदी | सदस्य | |
| १५ | नारायण प्रसाद पुन | सदस्य | |
| १६ | दधिराम न्यौपाने | सदस्य | |
| १७ | डम्मर बहादुर भण्डारी | सदस्य | |
| १८ | राम प्रसाद रेग्मी | सदस्य | |
| १९ | सन्त बहादुर राना | सदस्य | |
| २० | हुमनाथ आचार्य | सदस्य | |
| २१ | हिम बहादुर खत्री | सदस्य | |
| २२ | डिल प्रसाद नेपाली | सदस्य | |
| २३ | रन्जित शेरचन | सदस्य | |
| २४ | माया देवी वराल (विश्वकर्मा) | सदस्य | |
| २५ | बिमला श्रेष्ठ | सदस्य | |
| २६ | सिता कुमारी थापा | सदस्य | |
| २७ | शुष्मा कुमारी अर्याल | सदस्य | — |
| २८ | विष्णु कुमारी शर्मा | सदस्य | |
| २९ | चक्रपाणि शर्मा | प्रमुख प्रशासकीय अधिकृत | |

**प्रस्ताव नं.५६.१**

**कोरोना संक्रमण रोकथाम सम्बन्धी हालसम्म भएका कार्यहरुको समिक्षा तथा सोको अनुमोदन सम्बन्धमा ।**

**निर्णय नं.५६.१**

विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरसको रोकथाम एवं नियन्त्रणका लागि भए गरेका देहाय बमोजिम निर्णयहरु र सो बमोजिम भएका कार्यहरु अनुमोदन गर्ने निर्णय गरियो ।

(क) विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरसको रोकथाम एवं नियन्त्रणका लागि नेपाल सरकारले जनस्वास्थ्यलाई दृष्टिगत गरी मिति २०७६।१२।११ गते देखि नै देशलाई लकडाउन गरि रहेको छ । यस्तो महामारीको रुपमा विश्वभर फैलिई रहेको कोरोना भाइरसको रोकथाममा संघीय सरकारलाई सहयोग पुऱ्याउने र प्रदेश राजधानी समेत रहेको यस बुटवल उपमहानगरमा प्रादेशिक अस्पताल समेत रहेको हुँदा १२ जिल्लाहरुबाट प्रादेशिक अस्पतालमा विरामीको चाप बढीरहेको सन्दर्भमा उक्त विषयलाई मध्यनजर गर्दै यस बुटवल उपमहानगरपालिका र लुम्विनी प्रादेशिक अस्पतालको सहकार्यमा बुटवल १० स्थित खाली अवस्थामा रहेको धागो कारखानाको भवनमा ५० शैयाको बुटवल कोरोना विशेष(अस्थायी) अस्पताल निर्माण गर्ने निर्णय भई निजी क्षेत्रको समेत सहयोगमा तयार भई संचालनमा आएको हुँदा उक्त अस्पताल स्थापना गर्ने गरी भएको समितिको निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

(ख) बुटवल उपमहानगरपालिका र लुम्बिनी प्रादेशिक अस्पतालको सहकार्यमा बुटवल उपमहानगरपालिका वडा नं. १० स्थित साविकको धागो कारखानामा हाल ५० शैयाको बुटवल कोरोना विशेष (अस्थायी) अस्पतालको स्थापना गर्ने र स्थापना गर्न तत्काल आवश्यक सहयोगका लागि आव्हान गर्ने गरि विपद् व्यवस्थापन समितिवाट निर्णय भएकोमा अस्थायी अस्पतालको निर्माणमा आ-आफ्नो तर्फबाट महत्वपूर्ण सहयोग पुऱ्याउने सबै संघ संस्थाहरुको उच्च मूल्यांकन गर्दै उक्त संस्थाहरुलाई यस बुटवल उपमहानगरपालिकाको तर्फबाट समेत हार्दिक धन्यवाद दिने निर्णय गरियो ।

(ग) बुटवल उपमहानगरपालिका वडा नं.१० रामनगरस्थित धागो कारखानामा ५० शैयाको बुटवल कोरोना विशेष (अस्थायी) अस्पताल स्थापना गर्दा नगरपालिकाको तर्फवाट भएको खर्च रु. ६६४८००।- (अक्षेरुपी छ लाख चौसठ्ठी हजार आठ सय रुपैयाँ) अनुमोदन गर्ने निर्णय गरियो ।

(घ) नोभल कोरोना भाइरस (कोभिड-१९) संक्रमण रोकथाम तथा नियन्त्रणको क्रममा नगरको तर्फवाट हालसम्म भएको खर्च रु.४,३६,१००।- (अक्षेरुपी चार लाख छत्तिस हजार एक सय ) रुपैया अनुमोदन गर्ने निर्णय गरियो ।

(ङ) नगर क्षेत्रमा सञ्चालित सम्पुर्ण हाटवजारहरु २०७६।१२।०७ गते देखि अर्को सूचना नभएसम्मका लागि बन्द गर्ने तथा हरियो तरकारीको आपुर्ति व्यवस्था सहज बनाउन विभिन्न चोकमा ट्राफिक आवागमनमा अवरोध नहुने गरी विक्री वितरण गर्न सक्ने गरी विपद् व्यवस्थापन समितिवाट भएको निर्णय अनुमोदन गरियो ।

(च) मिति २०७६ चैत्र ९ गते बसेको बुटवल कोरोना विशेष (अस्थायी) अस्पताल सञ्चालन तथा व्यवस्थापन सहजिकरण कार्यदलको बैठकले गरेको विशेष अस्पतालको सञ्चालन तथा व्यवस्थापन लुम्विनी प्रादेशिक अस्पतालले गर्ने भनि भएको निर्णय अनुमोदन गरियो ।

**प्रस्ताव नं. ५६.२**

**राहत सामग्री वितरण सम्बन्धी कार्यविधि, २०७६ सम्बन्धमा ।**

**निर्णय नं.५६.२**

हाल विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरसको रोकथाम एवं नियन्त्रणका लागि नेपाल सरकारले मिति २०७६।१२।११ गते देखि लागु हुनेगरी देशवासीहरुको जनस्वास्थ्यलाई मध्यनजर राखी देश लकडाउन गरेको

परिवारहरुका लागि राहत वितरण गर्न मानवीय हिसावले समेत तत्काल आवश्यक देखिएको हुँदा राहत
सामग्री वितरण सम्बन्धी कार्यविधि, २०७६ पारित गरी तत्काल कार्यान्वयनमा जाने निर्णय गरियो ।

**प्रस्ताव नं. ५६.३**

विविध ।

**प्रस्ताव नं.५६.३.१**

**बधशालाको ठेक्का स्वीकृती सम्बन्धमा ।**

**निर्णय नं.५६.३.१**

बुटवल उपमहानगरपालिका वडा नं. १० स्थित औद्योगिक क्षेत्रभित्रको लिजमा लिएको जग्गामा प्रदेश
सरकारको समेत लगानीमा निर्माण हुन लागेको आधुनिक पशुबधशाला निर्माणको लागि सशर्त अनुदानको
रुपमा प्रदेश सरकारबाट रु.७ करोड बजेट व्यवस्था भएको छ । चालु आ.व. मा वु.न.पा. को बजेट
पुस्तिकाको बुँदा नं. ३९६ मा रु.५० लाख र विविध समपुरकबाट रु.२० लाख सोही प्रयोजनको लागि व्यवस्था
गरे बमोजिम बहुबर्षिय ठेक्काको रुपमा ठे.नं. ५०/०७६/०७७ बाट सार्वजनिक खरिद ऐनको दफा २८
बमोजिम दुई चरणको ठेक्का प्रकृया मार्फत वोलपत्र सूचना प्रकाशित गरिएको थियो । सार्वजनिक खरिद
ऐनको दफा २८ को उपदफा ५ बमोजिम मिति २०७६।१०।६ मा ई-विडिङ्ग मार्फत दोस्रो चरणको वोलपत्र
आब्हान गरिएकोमा दोस्रो चरणमा श्री शिवशक्ति कन्स्ट्रक्सन प्रा.लि. नयाँ वानेश्वर काठमाण्डौंको एउटा मात्र
वोलपत्र पर्न आएको । उक्त कम्पनीले प्रोभिजनल सम र भ्याट सहित रु.२२,१३,३५,९९६।१३ (अक्षेरुपी वाईस
करोड तेह्र लाख पैतीस हजार नौ सय छ्यानब्बे रुपैयाँ तेह्र पैसा) कवोल गरी वोलपत्र पेश गरेको । वोलपत्र
मूल्यांकन समितिले मूल्याकंन गरी सिफारिस गरे बमोजिम ठेक्का स्वीकृत गर्ने आशयको सार्वजनिक सूचना
प्रकाशित गर्दा कसैको कुनै प्रकारको दावी नरहेको । उक्त आयोजनाको कन्टिन्जेन्सी (फिजिकल तथा मूल्य
समायोजन) र सो रकमको भ्याट सहित जम्मा रु.२४,९६,३७,६८४।७५ (चौविस करोड छ्यानब्बे लाख सैतीस
हजार छ सय चौरासी रुपैयाँ पचहत्तर पैसा) बजेट व्यवस्था गर्नुपर्ने भएकोले बहुबर्षिय योजनाको रुपमा
आगामी आ.व. हरुमा बजेट व्यवस्था गर्ने गरी बहुबर्षिय योजना स्वीकृत गरी श्री शिवशक्ति कन्स्ट्रक्सन
प्रा.लि. नयाँ वानेश्वर काठमाण्डौंको भ्याट सहित ठेक्का अंक रु.२२,१३,३५,९९६।१३ (अक्षेरुपी वाईस करोड तेह्र
लाख पैतीस हजार नौ सय छ्यानब्बे रुपैयाँ तेह्र पैसा) को वोलपत्र स्वीकृत गरी कार्यान्वयन प्रकृया अगाडी
बढाउने निर्णय गरियो ।

**प्रस्ताव नं.५६.३.२**

**राहत सामग्रीको लागि सहयोग गर्न उद्योगी, व्यवसायी, संघसंस्थाहरु तथा आम नागरिकलाई आब्हान गर्ने सम्बन्धमा ।**

**निर्णय नं.५६.३.२**

हाल विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरसको रोकथाम एवं नियन्त्रणका लागि नेपाल सरकारले मिति
२०७६।१२।११ गते देखि लागु हुनेगरी देश लकडाउन गरेको हुँदा यस लकडाउनको अवस्थामा दैनिक
ज्यालादारीमा जीवन निर्वाह गरिरहेका अति विपन्न र अशक्त परिवारहरुका लागि राहत वितरण गर्न आवश्यक
जिन्सी वा नगद नगरको प्रकोप व्यवस्थापन कोष मार्फत वा वडा कार्यालय मार्फत सहयोग उपलब्ध गराउन
उद्योगी, व्यवसायी, संघसंस्थाहरु तथा आम नागरिकलाई आब्हान गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.५६.३.३**

**अनुमोदन सम्बन्धमा ।**

**निर्णय नं.५६.३.३**

बुटवल उपमहानगरपालिकाका प्रमुख एवं विपद् व्यवस्थापन समिति (स्थानीय विपद तथा जलवायु उत्थानशील समिति) का अध्यक्ष श्री शिवराज सुवेदीज्यूको अध्यक्षतामा मिति २०७६।११।२०,२०७६।१२।०५, २०७६।१२।०७, मिति २०७६।१२।०९, २०७६।१२।१० र २०७६।१२।१७ मा बसेको बैठकबाट कोरोना भाइरस रोकथाम एवं नियन्त्रणका सम्बन्धमा भएका विभिन्न निर्णयहरु अनुमोदन गरियो ।

**प्रस्ताव नं.५६.३.४**

**जानकारी सम्बन्धमा ।**

**निर्णय नं.५६.३.४**

चालु आर्थिक बर्ष २०७६।०७७ को फाल्गुण मसान्त (दोश्रो चौमाशिक) सम्मको तपशिल बमोजिमको आय व्ययको विवरण आजको बैठकमा जानकारी भयो ।

| आम्दानी तर्फ | | खर्च तर्फ | |
|---|---|---|---|
| **शीर्षक** | **रकम रु** | **शीर्षक** | **रकम रु** |
| सघीय सरकार | ५१७,७०९,७९१.०० | चालु खर्च | ४३९,५१६,१५१.७९ |
| प्रदेश सरकार | २९,७९८,०००.०० | पूजिगत खर्च | ३७६,७६४,२३३.०० |
| राजश्व बाँडफाँड | १४३,८०१,०१४.२० | वित्तिय खर्च | २,३६८,८३८.९८ |
| आन्तरिक श्रोत | २९२,६९७,८३५.३३ | | |
| गत बर्षको मौज्दात | ३३६,३९७,७००.३७ | | |
| **जम्मा आम्दानी रु.** | **१,३२०,४०४,३४०.९०** | **जम्मा खर्च रु.** | **८१८,६४९,२२३.७७** |

**प्रस्ताव नं.५६.३.५**

**अनुमोदन सम्बन्धमा ।**

**निर्णय नं.५६.३.५**

स्वास्थ्य उपचार लगायत विभिन्न प्रयोजनका लागि नगरमा सहयोग माग गर्ने आउने अति विपन्न व्यक्ति तथा कतिपय कार्यक्रम सञ्चालन गरी नगरवाट सहयोग माग गर्ने संघ सस्थालाई कार्यक्रमको औचित्यका आधारमा उपलब्ध गराइएको देहाय बमोजिम आर्थिक सहयोग तथा कार्यक्रम खर्च अनुमोदन गरियो ।

| सि.नं | विवरण | रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | लक्ष्मी कार्की वडा नं. ११ उपचार सहयोग | २५,०००.०० | |
| २ | पूर्ण बहादुर थापा वडा नं. ७ मृगौला सम्बन्धी उपचार सहयोग | २५,०००.०० | |
| ३ | ललिता घिमिरे वडा नं ११ मृगौला सम्बन्धी उपचार सहयोग | २०,०००.०० | |
| ४ | राजेन्द्र पौडेल वडा नं. ७ क्यान्सर उपचार सहयोग | २५,०००.०० | |
| ५ | नवयुग युवा क्लव वडा नं. १३ कार्यक्रम सहयोग | १०,०००.०० | |
| [illegible] | [illegible] संघ [illegible] कार्यक्रम सहयोग | २०,०००.०० | |

| सि.नं | विवरण | रकम रु. | कैफियत |
|---|---|---|---|
| ८ | विष्णुमाया गुरुंग वडा नं. ७ मृगौला सम्बन्धी उपचार सहयोग | २५,०००.०० | |
| ९ | दिनेश कुमार घिमिरे वडा नं. ३ उपचार सहयोग | २५,०००.०० | |
| १० | नर्वु लामा वडा नं. ५ उपचार सहयोग | २५,०००.०० | |
| ११ | फुलमाया सार्कि वडा नं. ९ मुटु सम्बन्धी उपचार | १५,०००.०० | |
| १२ | राममाया राना वडा नं. ८ उपचार सहयोग | १५,०००.०० | |
| १३ | माडो कुमारी थरुनी वडा नं. ७ उपचार सहयोग | १५,०००.०० | |
| | जम्मा | २,७०,०००.०० | |

अन्त्यमा उपस्थित सवैलाई धन्यवाद दिदै प्रमुखज्यु बाट बैठक समाप्त भएको जानकारी गराउनु भयो ।